(डिनायट घर्ती)
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०८० साल अशोज महिनाको २२ गते विहान ११ बजे यस बारेकोट गाउँपालिकाका अध्यक्ष श्री वीर बहादुर गिरी ज्यूको अध्यक्षातामा देहायका कार्यपालिकाका सदस्यहरुको उपस्थितिमा कार्यपालिकाको वैठक बसी तपिशलको प्रस्तावमहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितीहरु :

| क्र.स. | पदधिकारीको नाम | पद | हस्तक्षर |
|---|---|---|---|
| १. | श्री वीर बहादुर गिरी | अध्यक्ष | |
| २. | श्री नर बहादुर गिरी | उपाध्यक्ष | |
| ३. | श्री ऐन बहादुर गिरी | सदस्य गाउँ कार्यपालिका | |
| ४. | श्री वीर बहादुर घर्ती | सदस्या गाउँ कार्यपालिका | |
| ५. | श्री राम बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका | |
| ६. | श्री विष्णु बहादुर रावत | सदस्य गाउँ कार्यपालिका | |
| ७. | श्री गोरख बहादुर थापा | सदस्य गाउँ कार्यपालिका | |
| ८. | श्री डम्मर बहादुर महतारा | सदस्य गाउँ कार्यपालिका | |
| ९. | श्री विशाल किरण बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| १०. | श्री योगेन्द्र बहादुर सिंह | सदस्य गाउँ कार्यपालिका | |
| ११. | श्री दान बहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| १२. | श्री दील बहादुर नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १३. | श्री दीपक नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १४. | श्री कमला कामी | सदस्य गाउँ कार्यपालिका | |
| १५. | श्री कल्पना नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १६. | श्री विष्णु वि क | सदस्य गाउँ कार्यपालिका | |
| १७. | श्री नैनी नेपाली | सदस्य गाउँ कार्यपालिका | |
| १८. | श्री डिनायट घर्ती | सदस्य सचिव गा.का.पा | |

आमन्त्रित

१. श्री राम बहादुर सिंह कार्यक्रम अधिकृत

गाउँपालिकाको कार्यपालिकाको निर्णय प्रमाणित

(डिनायट घर्ती)
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
...पा, बारेकोट
कर्णाली प्रदेश, नेपाल
२०७२

Scanned with CamScanner

बारेकोट गाउँपालिका
कार्यपालिकाको बैठक
मिति : २०८०।०६।२२ आर्थिक बर्ष: २०८०।०८१ बैठक संख्या ०१

प्रस्ताव तथा निर्णयहरु :

१. धन्यवाद तथा स्वागत सम्बन्धमा।
२. अघिल्लो आर्थिक वर्षको भुक्तानी सम्बन्धमा।
३. उपचार खर्च सम्वन्धमा।
४. कर्णाली मिडिया प्रा.लि. लाई क्षमता विकास सम्वन्धमा।
५. स्थानीय मौलो पुज गर्ने सम्वन्धमा।
६. उद्योग व्यावसाय दर्ता कर्णाली प्रदेशको राजपत्रमा प्रकाशन कानूनलाई आधार मान्ने सम्वन्धमा।
७. स्थलगत मुल्यङ्कन गरी भुक्तानी गर्ने सम्वन्धमा।
८. मेडिकला अधिकृतको नियुक्ति सम्वन्धमा।
९. सामुदायिक स्वास्थ्य इकाई संचालन सम्वन्धमा।
१०. वडा नं ४ र ५ को सिचाई कुलो रद्द गर्ने सम्वन्धमा।
११. आमा समुहको कार्यविधि अनुमोदन सम्वन्धमा।
१२. वडा अध्यक्षले नियमित अनुगमन गर्ने सम्वन्धमा।
१३. वर्षादले भत्तिएका सडक मर्मत गर्ने सम्वन्धमा।
१४. कार्यपालिका सदस्यहरुलाई पोषाक भत्ता सम्वन्धमा।
१५. इलाका प्रहरी कार्यालय सिलिङ्गीचौरको वयरिङ्ग सम्वन्धमा।
१६. करार कर्मचारीको म्याद थप सम्वन्धमा।
१७. स्थानीय पूर्वाधार सहयोग कार्यक्रम अन्तगतका योजना सम्वन्धमा।
१८. स्थानीय पूर्वाधार सहयोग कार्यक्रमका योजना छनौटका मापदण्ड सम्वन्धमा।
१९. पुस्तक प्रकाशन सम्वन्धमा।
२०. UNDP कार्यक्रम सम्वन्धमा।
२१. हाइड्रोलोजिकल स्टेसन स्थापना सम्वन्धमा।
२२. आधारभुत अस्पतालमा रात्री सेवा संचालनका लागि कर्मचारी व्यवस्थापन सम्वन्धमा।
२३. कर्मचारी वढुवा सम्वन्धमा।
२४. सुरक्षा गार्ड सम्वन्धमा।
२५. तुल बहादुर नेपालीको काज सरुवा सम्वन्धमा।
२६. सुरेन्द्र बहादुर पुनको काज सरुवा सम्वन्धमा।
२७. सरुवा भइ गएका स्थायी कर्मचारीहरु काज फिर्ताको लागि अनुरोध गर्ने सम्वन्धमा।
२८. कृषि नीति निर्माण सम्वन्धमा।
२९. पोषणको कार्यक्रम स्वीकृत तथा कर्मचारी सम्वन्धमा।

Scanned with CamScanner

बारेकोट गाउँपालिका
कार्यपालिकाको बैठक

मिति : २०८०।०६।२२

निर्णय नं.१
यस बारेकोट गाउँपालिकामा मिति २०७८ साल फाल्गुन ३० गते देखि मिति २०८० साल भाद्र १७ गते सम्म प्रमुख प्रशासकीय अधिकृतको रुपमाकार्यरत निवर्तमान प्रमुख प्रशासकीय अधिकृत श्री मोहन प्रकाश गिरीलाई धन्यवाद दिदै नयाँ आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री डिनायट घर्तीलाई स्वागत गर्ने निर्णय गरियो।

निर्णय नं २
गत आर्थिक वर्ष २०७९।८० मा रकम अभावका कारण भुक्तानी हुन नसेका योजना तथा अन्य कामको भुक्तानी र यस चालु आर्थक वर्ष २०८०।८१ मा भुक्तानी गर्नु पर्ने कामका लागि तपसिल बमोजिमको शिर्षकमा खर्च हुने गरी रकम विनियोजन गर्ने गरियो।

तपशिल

| क.सं. | विवरण | विनियोजित रकम | कैफियत |
|---|---|---|---|
| १ | गत वर्षको कर्मचारी तलब भुक्तानी | ७,९२,२९६।- | |
| २ | गत वर्ष संचालित ब्यूटिपार्लर तालिम | २,००,०००।- | |
| ३ | गत वर्षको अस्पताल कर्मचारीको नाइट भत्ता | ५,७०,०००।- | |
| ४ | गत वर्षकोटेलिमेडिसियन सामाग्रीको भुक्तानी | २३,२२,७१५।- | |
| ५ | रेडपाण्डा संरक्षण कार्यक्रम | २०,००,०००।- | |
| ६ | रेडक्रस उपशाखा कार्यालयका लिम्सा | १,५०,०००।- | |
| ७ | मिनीग्रेड सोलारको हेरालो तलव | १,५०,०००।- | |
| ८ | भैपरी आउने खर्च | ८,००,०००।- | |
| ९ | विपद व्यस्थापन | ७,००,०००।- | |
| १० | विद्यार्थिलाई छात्रवृद्धी | १,००,०००।- | |
| ११ | गत वर्षको DPR तथा EIAगरेको भुक्तानी | ४८,०२,६०७।- | |
| १२ | गत वर्षको रामीडाँडा र सेपुखोला स्वास्थ्य चौकीको शौचालय निर्माणको भुक्तानी | ५,००,०००।- | |
| १३ | आधारभुत अस्पताल लिम्साकोअक्सिजन व्यवस्थापन (गत वर्षको भुक्तानी र नयाँ खरिद) | २,००,०००।- | |
| १४ | कला सहित्य तथा संस्कृति संरक्षण | ४,००,०००।- | |
| १५ | काठेपुल भुक्तानी वडा नं ८ | ६०,०००।- | |
| १६ | कुनबगर काठेपुल वडा नं ७ | २५,०००।- | |
| १७ | झारखोला काठेपुल वडा नं ९ | २५,०००।- | |
| १८ | भुनखोला काठेपुल वडा नं ९ | २५,०००।- | |

(डिनायट घर्ती)
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
कार्यपालिकाको बैठक

मिति : २०८०।०६।२२

| | | | |
|---|---|---|---|
| १९ | स्वास्थ्य चौकी सिलिङ्गीचौर खानेपानी निर्मण | ७०,०००।- | |
| २० | वडा नं २ र ३ मा नेट जडान | १,७०,०००।- | |
| २१ | स्याला देखि लुहाग बाटो मर्मत वडा नं ७ | ४५,०००।- | |
| २२ | वडा कार्यालयको छाना मर्मत वडा नं १ | १३,०००।- | |
| २३ | भगवती मन्दिर मर्मत वडा नं १ | १३,०००।- | |
| २४ | रामीडाँडा विद्युत मर्मत वडा नं १ | ३५,०००।- | |
| २५ | नागखोला सिगारी जाने बाटो मर्मत वडा नं ६ | १६,०००।- | |
| २६ | राक्सी खोला काठेपुल वडा नं ५ र ६ | २५,०००।- | |
| २७ | वडा नं ८ को बन्डालाको बाटो मर्मत | ८५,०००।- | |
| २८ | लिम्सा अस्पताल वायरिङ तथा मर्मत | १,५०,०००।- | |
| २९ | नुफेरी द्वारेखोला काठपुल वडा नं ३ | २५,०००।- | |
| ३० | कार्यालय प्रयोजनको लागि बाइक खरिद | ७,००,०००।- | |
| ३१ | रामीडाँडाको अनाथलय | १,००,०००।- | |
| ३२ | छेडाखोला पुल निर्मण वडा नं १ | २५,०००।- | |
| ३३ | निजामती सेवा दिवस तथा संविधान दिवस २०८० मनाउने खर्च | ५०,०००।- | |
| ३४ | पालिका तथा चौकीहरुलाई झन्डा पुजा | ६०,०००।- | |
| ३५ | स्थानीय मौलो पुजा | १,६५,०००।- | |
| ३६ | स्वयम सेविकाको प्रोत्साहान भत्ता | ६,४८,०००।- | |
| ३७ | सुरक्षा गार्ड तलब | २,६०,०००।- | |
| ३८ | सडक निर्माण तथा मर्मतको भुक्तानी | ३१,२२,३८२।- | |
| | जम्मा | १,९६,००,०००।- | |

निर्णय नं ३
यस बारेकोट गाउँपालिका वडा नं १ निवासी श्री लाल बहादुर बोहरा र वडा नं ५ निवासी श्रीकेशव वि.क. लाई प्यारालाइसिस रोग लागि उपचार गरिरहनु भएकाले निज दुबैजनाको घरको आर्थिक अवस्था निकै नाजुक भइ उपचार गराउन समेत समस्या भएकाले आपतकालिन उपचार कोषबाट खर्च हुने गरी रु ५०।५० हजारका दरले उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ४
कर्णाली मिडिय प्रा.लि.लाई क्षमता विकास गराउनको लागि चालु खर्चको पत्र पत्रिका छपाई तथा सूचना संचार प्रविधि शिर्षकबाट भुक्तानी हुने गरी रु १५००००। रकम उपलब्ध गराउने निर्णय गरियो।

प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कर्णाली प्रदेश, २०७३

Scanned with CamScanner

बारेकोट गाउँपालिका
कार्यपालिकाको बैठक

मिति : २०८०।०६।२२

निर्णय नं ५

वडा दशैंको अघिल्लो दिन अर्थात रामनवमीका दिन मौलो पुजा गर्ने प्रचलन परमपरादेखि चलि आइरहेको र विगतका वर्षहरुमा मौलो पुजा गर्नको लागि लागि तपशिल बमोजिमका वडाहरुमा रकम उपलब्ध गराउने निर्णय गरियो।

| क.सं. | वडा नं | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | वड नं ४ | २५०००। | |
| २ | वडा नं ५ | २५०००। | |
| ३ | वडा नं ५ | २५०००। | |
| ४ | वडा नं ७ | २५०००। | |
| ५ | वडा नं ८ | २५०००। | |
| ६ | वडा नं ९ | २५०००। | |
| ७ | राँगा बाचिलो देवता | २००००। | |

निर्णय नं ६

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयले उद्योग व्यवसाय संचालनको लागि दर्ता गरिरहेका चालु आर्थिक वर्ष २०८०।०८१ देखि लागु हुने गरी प्रदेश सरकारले पारित गरेको प्रदेश कानून बमोजिम रु १० लाख सम्म स्थीर पुँजी भएका व्यवसायहरु स्थानीय तहमा नै दर्ता गर्ने व्यवस्था भएकाले यस पालिकाको कानून नबने सम्म हाललाई सो कानून अनुसार नैकार्य संञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं ७

श्री जगत आधारभुत विद्यालय बारेकोट ४ मैनाको विद्यालयमा सडक निर्माण भएको भनी वडा नं ४ प्राविधिक श्री सत्य साहले मुल्यांकन गरी यस कार्यपालिकाको बैठकमा पेश गर्नु भएकाले उक्त सडकको स्थलगत मुल्यांकन गरेर मात्र भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं ८

आधारभुत अस्पताल लिम्सामा मेडिकल अधिकृत दरबन्दी रिक्त रहेकाले सो दरबन्दीमा मिति २०८० साल भाद्र ४गते देखि लागु हुने गरी नियुक्ति गर्ने निर्णय गरियो, साथै मेडिकल अधिकृतलाई स्थानीय पालिका प्रोत्साहनको रुपमा मासिक रु १५०००।(अक्षरुपी पन्ध्र हजार मात्र) उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं ९

वडा नं १ को सिर्पाचौर, बयाला र वडा नं ८ को लैखमा रहेका सामुदायिक स्वास्थ्य इकाई हाल बन्द रहेकाले उक्त सामुदायिक स्वास्थ्य इकाइ संचालनमा ल्याउने र ३ जना अहेव/अनमी जनशक्तिआवश्य प्रक्रिया पूरा गरी पदपुर्ती गर्ने निर्णय गरियो।

Scanned with CamScanner

बारेकोट गाउँपालिका
कार्यपालिकाको बैठक
मिति : २०८०।०६।२२

निर्णय नं १०
बारेकोट गाउँपालिका वडा नं ४ र ५ मा विगत बर्ष देखि संचालित नायकवाडा सिचाई योजनाको मुहान तथा Canal Alimentको जमिन कमजोर भासिने भएको कारणले बर्सेनि बाढी पहिरो आउने कारणले गर्दा योजना टिकाउ तथा दिगोपना कायम गर्न नसकिएको हुँदा नायकवाडा सिचाइ योजनालाई रद्द गरीउक्त सिचाई योजना संञ्चालनल गर्नको लागि लिफ्ट प्रणाली मार्फत योजना संचालन गरिदिनका खानेपानी, सिचाई तथा उर्जा विकास कार्यालय, जाजरकोटलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं ११
आमा समुह गठन तथा परिचालन कार्यविधि २०८० लाई अनुमोदन गर्ने निर्णय गरियो।

निर्णय नं १२
वडामा रहेका सम्पूर्ण सरकारी कार्यालयहरुको सम्बन्धित वडा अध्यक्षबाट अनुगमन तथा नियमन गरी मासिक रुपमा कार्यपालिका बैठकमा प्रतिवेदन पेश गर्ने निर्णय गरियो।

निर्णय नं १३
बारेकोट गाउँपालिका भित्रका विभिन्न सडकहरु बर्षादका कारण भत्किएर अवरोध भएकाले उक्त सडक संचालन गर्न सडक मर्मत गर्नु पर्ने भएकाले सो सडक मर्मत गर्दाको रकम प्राविधिक लागत अनुमानको आधारमा भुक्तानी गर्ने निर्णय गरियो ।

निर्णय नं.: १४
कार्यपालिकाको बैठक मर्यादित एवम् व्यवस्थितरुमा बैठक संचालन गर्नका लागि कार्यपालिका सदस्यहरुलाई पोषाकको व्यवस्था गर्ने निर्णय गरियो।

निर्णय नं.: १५
इप्रका सिलिङ्गीचौरलाई बयरिङ्ग गरे बापतको रकम रु ७५०० श्रोतको खजी गरी भुक्तानी गर्ने निर्णय गरियो।

निर्णय नं.: १६
यस पालिका अन्तर्गत रहेको स्वास्थ्य चौकी सक्ला सेपुखोला र स्वास्थ्यचौकी रामीडाँडामा कार्यरत स्वास्थ्य प्रवर्द्धक बाहेक अन्य सबै प्रकारका करार कर्मचारीको मिति २०८० साल श्रावण १ गते देखि २०८० साल पौष मसान्त सम्म करार म्याद थप गर्ने निर्णय गरियो।

(डिनाएट घर्ती)
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिल्ला, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

(डिनानाथ घर्ती)
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिका
कार्यपालिकाको बैठक
मिति : २०८०।०६।२२

निर्णय नं.: १७

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम र यस गाउँपालिकाको सहलगानीमा कार्यन्वयन हुने गरी छनौट गरिएको देहाय बमोजिमको आयोजना लागत विश्लेषण समय व्यवस्थापन लक्षित वर्ग विशेष नहुनु साथै अन्य प्राविधिक कारणले उपयुक्त नदेखिएको हुनले सो आयोजनाका स्थानमा सोही वडा तथा अन्य वडामा संचालन हुने गरी कार्यक्रमले तोकेको मापदण्ड समेतलाई आधार मानी देहायमा उल्लेखित आयोजना छनौट गरी कार्यन्वयन गर्ने निर्णय गरियो।

तपसिल

| क्र.सं. | पहिले छनौट भएका आयोजना नाम र ठेगाना | हाल छनौट गरिएका नाम र ठेगाना | रकम रु |
|---|---|---|---|
| १ | श्री हिमालय नरदेव प्राथमिक विद्यालय भवन निर्माण बारेकोट ९ | गाग्राखोला लघु जलविद्युत कुलो मर्मत आयोजना बारेकोट ३ | १० लाख |
| २ | भेराखोली कोटिली देखि पैयाँ डाँडा तटबन्धन निर्माण बारेकोट ६ | कार्कीज्यूला देखि वडा कार्यालय सम्म सडक स्तरोन्नती वडा नं ६ | ११ लाख |
| ३ | सुवाकोट देखि लुहाग सम्म सडक स्तरोन्नती बारेकोट ७ | स्याला खोला सडक मर्मत आयोजना वडा नं ७ | |

निर्णय नं.: १८

आयोजना कार्यन्वयन विधि छनौट सम्बन्धमा छलफल गर्दा यस गाउँपालिका क्षेत्रमा कार्यन्वयन हुने स्थानीय पूर्वाधार विकास आयोजना कार्यन्वयन विधि छनौट देहायमा तोकिएको मापदण्ड अनुसार कार्यन्वयन गर्ने निर्णय गरियो।

| क्र. सं. | आयोजना छनौटको मापदण्ड | कार्यन्वयन विधि | | |
|---|---|---|---|---|
| | | ठेक्का | उपभोक्ता समिति | ठेक्का र उपभोक्ता समिति |
| १ | कुल लागत अनुमानानुसार मेशिन औजारको लागत २०% भन्दा बढी भएको | √ | | |
| २ | कुल लागत अनुमानानुसार मेशिन औजारको लागत २०% भन्दा कम भएको तर लागत अनुमान तयार गर्दाको समयमा हेब्बी मेसिन प्रयोग गर्नु पर्ने जटिल प्रकृतिको कार्य पनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक | | √ | |

(डिनानाथ घर्ती)
प्रमुख प्रशासकीय अधिकृत

बारेकोट गाउँपालिकाको कार्यालय
गाउँ कार्यपालिकाको कार्यालय
कालिमाटी, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७३

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| | निकायबाट सहमती लिएको | | | |
| ३ | कुल लागत अनुमान अनुसार श्रमिकको लागत भार ५०% भन्दा कम भएको | √ | | |
| ४ | ५ कारोड सम्मको लागत अनुमान भएको देहाय बमोजिमको निर्माण कार्य लाभग्राही समुदाय बीच प्रतिस्पर्धा गरएको<br>क. जटिल प्राविधिक क्षमता आवश्यक नपर्ने<br>ख. लाभग्राही समुदायबाट गर्दा मितव्यहिता गुणस्तरीयता र दिगोपन अभिवृद्धि गर्ने<br>ग. स्थानीय श्रोत साधन र सीप उपयोग गरी स्थानीय स्तरमा कार्यसम्पादन हुने<br>घ. निर्माण कार्यको मुख्य उद्देश्य स्थानीय तहमा नै रोजगारीको अवसर सृजना गर्ने र लाभ प्राप्त गर्ने समुदायलाई सहभागी गराउन सकिने।<br>ङ. निर्माण पश्चातको आयोजनाको मर्मत सम्भार तथा संचालन लाभग्राही समुदायबाट हुन सक्ने | | √ | |
| ५ | क्र.स. १, ३ र ४ सँग मिल्ने आयोजना तथा एक आपसमा अन्तर सम्बन्धित नभएका कार्य जस्तै हेभी मेसिन उच्च प्रविधिको प्रयोग तथा मेसिनरी औजारको जडान ठेक्काबाट एंव स्थानीय श्रोत साधन र सीप उपयोग गरी स्थानीय स्तरमा कार्यसम्पादन हुने उपभोक्ता समितिबाट | | | √ |

निर्णय नं. : १९
यस गाउँपालिका वडा नं १ निवासी श्री रमेश घर्तिले फाउन्डेसन एण्ड मिनिङ्गफुल लाइफ पुस्तक प्रकाशन गर्न लाग्नु भएकाले नीज रमेश घर्तीलाई सूचना तथा प्रविधि शिर्षकबाट भुक्तानी गर्ने गरी १०००००। (अक्षरुपी एक लाख मात्र) पुस्तक प्रकाशन खर्च उपलब्ध गराने निर्णय गरियो।

निर्णय नं. : २०
जापान सरकोरको आर्थिक सहयोगमा UNDP द्धारा संचालित जलवायु सम्बन्धी स्थानीय कार्यहरु मार्फत मानवीय सुरक्षा सुदृढीकरण परियोजना तपिशलका कार्यहरु गर्ने निर्णय गरियो।

(डिलकुमार घर्ती)
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

बारेकोट गाउँपालिका
कार्यपालिकाको बैठक
मिति : २०८०।०६।२२

**Output 1** अन्तर्गत नीतिगत तहको मानवीय सरक्षा सम्बन्धी दस्तावेज तयार गर्न आवश्यक सहयोग समन्वय र सहकार्यमा कार्य सम्पन्न गर्ने निर्णय गरियो।

**Output -2** अन्तर्गत जलवायू परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी समुदाय तथा यस गाउँपालिकाको कर्मचारीहरुको क्षमता विकास सँग सम्बन्धित कार्यहरु गर्ने।

**Output -3** अन्तर्गत कृषि सँग सम्बन्धित क्रियाकलाप, उर्जा क्षेत्र, पूर्व सूचना प्रणालीतथा पूर्वाधार विकासको कार्यहरु गर्ने।

**Output -4** अन्तर्गत कार्यक्रमको प्रचार प्रसारसम्बन्धी काम गर्ने निर्णय गरियो।

निर्णय नं. : २१
जापान सरकारको आर्थिक सहयोगमा UNDP द्वारा संचालित जलवायु सम्बन्धी स्थानीय कार्यहरु मार्फत मानवीय सुरक्षा सुदृढीकरण परियोजनाले हाइड्रोलोजिकल स्टेशन स्थापना गर्न आवश्यक जग्गा यस पालिकाले उपलब्ध गराउने र स्टेशन संचालन पश्चात सो स्टेशन संचालनमा लाग्ने खर्च (मानवीय श्रोत मर्मत संभार) यस गाउँपालिकाले आफ्नै श्रोतबाट बार्षिक बजेटमा रकम विनियोन गरी स्टेशन संचालनलाई निरन्तरता दिइने छ।

निर्णय नं. : २२
आधारभुत अस्पताल लिम्सामा बढ्दो विरामी चापलाई ध्यानमा राखी आकस्मिक रात्री सेवा संचालन गर्न आवश्यक देखिएकाले उक्त सेवा संचालन गर्न केही जनशक्तिको आवश्यक पर्ने भएको हुँदा २ जना अहेव हरुलाई आवश्यक प्रक्रिया पुरा गरी नियुक्त गर्ने निर्णय गरियो।

निर्णय नं. : २३

गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा उद्यम विकास सहजकर्ता पदमा कार्यरत श्री गंगा शाही विगत लामो समय देखि कर्तव्यिनष्ठ,लगनशिल रुपमा आफ्नो काम प्रति जिम्मेवार रही काम गर्दै आउनु भएको साथै उहाँको शैक्षिक योग्यता पनि उद्यम विकासको तेश्रो तह उतिर्ण गरेको देखिएको हुँदा निज गंगा शाहीलाई वरिष्ठ उद्यम विकास सहजकर्ता पाँचौ तहमा बढुवा गर्ने निर्णय गरियो।

निर्णय नं. : २४
यस गाउँपालिकामा हालसम्म सुरक्षागार्ड राखिएको छैन। सुरक्षा गार्ड नहुँदा कार्यालयको सामानको सुरक्षा नहुने कार्यालयमा महत्वपूर्ण सामाग्री असुरक्षित हुने अवस्था देखिएकाले यसै आर्थिक वर्षको नीति तथा

कार्यक्रममा पनि कार्यालय सुरक्षाको लागि सुरक्षा गार्डरा राखे भनी कार्यक्रम नै स्वीकृत भइसकेकाले १ जना सुरक्षा गार्ड आवश्यक प्रक्रिया पुरा गरी नियुक्त गर्ने निर्णय गरियो।

निर्णय नं. : २५

आधारभुत अस्पताल लिम्सामा जनशक्ति अभाव भइ सेवा प्रवाहमा समेत समस्या भएकाले स्वास्थ्य चौकी सक्ला सेपुखोलामा कार्यरत कर्मचारी संकेत नं २२३६३३ अ.हे.व. श्री तुल बहादुर नेपालीलाई काम काज गर्नको लागि आधारभुत अस्पताल लिम्सामा काज सरुवा गर्ने निर्णय गरियो।

निर्णय नं. : २६

श्री कालिका आदर्श माध्यमिक विद्यालय रामीडाँडामा पालिका अनुदान नि.मा.वि.तहमा कार्यरत शिक्षक श्री सुरेन्द्र बहादुर पुनलाईमिति २०७९ साल भाद्र २८ गतेको निर्णय नं. ४ अनुसारउक्त विद्यालयबाट तलब भत्ता खानेगरीशिक्षा यूवा तथा खेलकुद शाखा लिम्सामा कम्प्यूटर अपरेटरको रुपमा काम गर्नका लागि काज सरुवा गरिएकोमा आर्थिक वर्ष २०८०।८१ को साउन १ गते देखि लागु हुने गरी श्री भगवती आधारभुत विद्यालय बारेकोट-१ बयालामा काज सरुवा गरी हाललाई शिक्षा यूवा तथा खेलकुद शाखामा सोही काम काजमा लगाउने निर्णय गरियो।

निर्णय नं २७

यस गाउँपालिका अन्तर्गत स्थायी नियुक्त भएका कर्मचारीहरु लामो समय काज सरुवामा गएको हुँदा कार्यालयको कार्यसम्पादनमा समस्या उत्पन्न भएकोले निजहरुलाई काज सरुवा फिर्ता वा दरवन्दी खालि गरिदिनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. २८

यस पालिकामा हालसम्म कृषि नीति नभएको हँदा कृषि कार्यक्रम सञ्चालन गर्न अन्योलता उत्पन्न भएको हुँदा चालु आ.व. २०८०/८१ भित्र सरोकारवालाहरु सँग आवश्यक छलफलगरी कृषि नीति निर्माण गर्ने निर्णय गरियो।

निर्णय नं. : २९

पोषण मैत्री स्थानीय तह घोषण गर्नको लागि सङ्घीय सरकारबाट प्राप्त भएको विशेष अनुदान रकमलाई परियोजनामा उल्लेख भएका देहाएका क्रियाकलापहरुलाई स्वीकृत गर्ने र उक्त कार्यक्रमलाई प्रभावकारी संचालन गर्नका लागि प्रस्तावमा उल्लेख भएका ३ जना स्वंयमसेवक कर्मचारीहरुलाई मिति २०८० साल मंसिर १ गते देखि लागु हुने गरी नियुक्त गर्ने निर्णय गरियो।

(डिल्लीराज घर्ती)
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

तपसिल

| क.स. | क्रियकलापको नाम | परिमाण | संख्या | महिना | दर | कुल रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| क. क्रियकलाप तथा बजेट | | | | | | | |
| १ | मेरो बाबालाई चिठी प्रिन्ट तथा ढुवानी | संख्य | ६०० | १ | २५० | १५०००० | |
| २ | आमा समुहका बैठकमा स्वास्थ्य घरायसी खाद्यन्न उत्पादन पूर्ण सरसफाई तथा पोषणको महत्व सम्बन्धि छलफल बालविवाह न्यूनिकरण सम्बन्धी छलफल | पटक | ८ | १ | २०००० | १६०००० | |
| ३ | प्रारम्भिक बालविकास सहजकर्ताहरुलाई तालिम तथा प्रधानध्यापकहरुलाई अभिमुखीकरण तालिम | वडा | ४ | १ | २०००० | ८०००० | |
| ४ | हजार दिनका आमाहरुसग सासु भुवारी श्रीमान श्रीमती बीच पोषण व्यवहार सम्बन्धि अभिमुखीकरण | वडा | ४ | १ | २०००० | ८०००० | |
| ५ | पोषण मैत्री वडा घोषणाका लागि विभिन्न चेक लिस्ट तयारी तथा फ्लेक्स प्रिन्ट गरी प्रत्येक घरमा झुन्ड्उने | पीस | ६०० | १ | २५० | १५०००० | |
| ६ | १००० दिने आमा समुहका सदस्यलाई जुठ्यान निर्माण | वटा | २०० | | २००० | ४००००० | |
| ७ | विद्यलयहरु बाहिर रहेका १० वर्ष देखि १९ वर्षका किशोरीहरुलाई आइरन फोलिक एसिड चक्की वितरण कार्यक्रम | वटा | ४ | १ | १०००० | ४०००० | |
| ८ | बाल विवाह न्यूनिकरण सम्बन्धी जनचेतना कार्यक्रम | वडा | ४ | १ | २०००० | ८०००० | |
| ९ | कृषक समुह गठन गरी घरायसी खाद्यन्न उत्पादन सम्बन्धी १ दिन तालिम तथा पोपिलो तरकारीको बिउ वितरण | पटक | ४ | १ | ८०००० | ३२०००० | |
| १० | १००० दिनका आमाहरुलाई खोर सहित कुखुराका चल्ला वितरण १० वटाको दरले | संख्य | २०० | १ | ५००० | १०००००० | |
| ११ | १००० दिनका आमाहरुलाई पोषिलो झोला वितरण | वटा | २०० | १ | ९०० | १८०००० | |
| १२ | घरबाट निस्कका फोहरलाई व्यवस्थपन गर्न १००० दिने आमाहरुलाई फोहर मलाई लेखेको डस्बिन वितरण | वटा | २०० | १ | १८०० | ३६०००० | |

(डिनायट धर्ती)
प्रमुख प्रशासकीय अधिकृत

(डिनायट धर्ती)
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | १००० दिने आमाहरूलाई गुणस्तरी पानी पिउनको लागि फिल्टर वितरण | बटा | २०० | १ | २५०० | ५००००० | |
| १४ | बाल क्लब गठन गरी पोषण तथा स्वास्थ्य सम्बन्धी तालिम संचालन | बटा | ४ | | २०००० | ८०००० | |
| १५ | होर्डिङ्ग बोर्डको स्थापना | बटा | २० | १ | १०००० | २००००० | |
| | जम्म | | | | | ३७००००० | |
| **ख. कार्यक्रम व्यवस्थापन खर्च** | | | | | | | |
| १ | सञ्चार खर्च | | १ | ८ | ८००० | ६४००० | |
| २ | सामुदायिक पोषण सहजकर्ता तलब | जना | ३ | ८ | २८००० | ६७२००० | |
| ३ | कार्यक्रमको अनुगमण तथा सुपरिवेक्षण | | ६ | ५ | १०००० | ३००००० | |
| ४ | पोषण मैत्री वडा घोषणको लागि तयारी समिक्षा र घोषणा कार्यक्रम | | ० | ० | ० | २१००० | |
| ५ | विषयगत शाखाहरूसँग समन्वय बैठक | | ६ | १० | १५०० | ९०००० | |
| | अभिमुखीकरण कार्यक्रम संचालन | | ३ | १ | २१००० | ८३००० | |
| | जम्म | | | | | १३००००० | |
| **ग.पोषण मैत्री वडा घोषण कार्यक्रमको कुल लागत** | | | | | | | |
| १ | क्रियाकलाप बजेट | | | १ | | ३७००००० | |
| २ | कार्यक्रम संचालन तथा व्यवस्थापन | | | १ | | १३००००० | |
| | जम्मा | | | | | ५०००००० | |

Scanned with CamScanner